# कर्णाली प्रदेशस्तरीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विषयक अभिमुखीकरण कार्यक्रम सम्पन्न

१३ चैत, २०७८

प्रदेशस्तरीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विषयक अभिमुखीकरण कार्यक्रम कर्णाली प्रदेशको सुर्खेतमा सम्पन्न भएको छ । मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालयका निमित्त प्रमुख सचिव आनन्द सारुको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव प्रेमराज गिरी, सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद पाण्डे, विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरुको उपस्थिति थियो ।




कार्यक्रममा निमित्त प्रमुख सचिव सारुले घटना घट्नासाथ तुरुन्त प्रतिकार्यको टोली परिचालित गर्न सकिएमा विपदबाट हुनसक्ने क्षति कम गर्न सकिने धारणा व्यक्त गर्नुभयो । उहाँले साधन स्रोत एकीकृत रुपमा परिचालनका लागि बेग्लै रणनीतिको आवश्यकता औंल्याउनुभयो । निमित्त प्रमुख सचिव सारुले स्थानीय तहले तथ्याङ्क प्रविष्ठ गर्दा विशेष सतर्कता अपनाउनुपर्ने धारणा राखुभयो ।

यसैगरी आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव गिरीले विपद् काबु बाहिरको परिस्थिति रहेकाले पूर्वानुमानको आधारमा पूर्वतयारी गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले कर्णाली प्रदेश सरकारले प्रत्येक बर्ष विपद्का क्षेत्रमा काम गर्ने संघ संस्थाहरुसँग छलफल गरी योजना तयार पार्ने गरेको जानकारी गराउनुभयो । तर यति हुदाहुँदै पनि अपेक्षा अनुसारको नतिजा हासिल हुन नसकेको उहाँको धारणा थियो ।

सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद पाण्डेले जिल्ला विपद् व्यवस्थापन समितिले विपद्का क्षेत्रमा कार्य गर्ने संघ संस्था र स्थानीय तहका बीचमा पुलको कार्य गरिररहेको जानकारी गराउनुभयो । सुर्खेत बहुप्रकोपीय विपद्को जोखिममा रहेको भन्दै उहाँले गतवर्ष डढेलोका कारण धेरै क्षति वेहोर्नुपरेको बताउनुभयो ।



यसैगरी दैलेख, जाजरकोट, हुम्ला, कालिकोट, मुगु, सल्यान लगायतका जिल्लाका प्रतिनिधिहरुले आ आफ्ना जिल्लामा विपद्को अवस्था र भईरहेका कार्यहरुबारे जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले National Disaster Resilience Framework 2021-2030 का ८ वटा प्राथमिकताका क्षेत्रहरुबारे जानकारी गराउनुभएको थियो । यस्तै प्राधिकरणका उपसचिव राजेन्द्र शर्माले विपद् र प्रभावमा आधारित पूर्वसूचना प्रणालीबारे जानकारी गराउनुभयो ।